दर्ता नं. २०९१/०६५/०६६

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

DEV DARSHAN SAVING & CREDIT CO-OPERATIVE LTD.

7th

# Annual Report

2014/15

# सातौं वार्षिक प्रतिवेदन

आ.व. २०७१/७२



# राष्ट्रिय गान

सयौं थुंगा फूलका हामी एउटै माला नेपाली
सार्वभौम भई फैलिएका मेची–महाकाली

प्रकृतिका कोटीकोटी सम्पदाको आँचल
वीरहरुका रगतले स्वतन्त्र र अटल

ज्ञानभूमि, शान्तिभूमि, तराई, पहाड, हिमाल
अखण्ड यो प्यारो हाम्रो मातृभूमि नेपाल

बहुल जाति, भाषा, धर्म संस्कृति छन् विशाल
अग्रगामी राष्ट्र हाम्रो जय–जय नेपाल ।

# देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

दाउराडिपो, चेकपोष्ट, काठमाडौं ।

## सञ्चालक समिति



राम नारायण घिमिरे
अध्यक्ष



बेली मैया घले
उपाध्यक्ष



राम तामाङ्ग
सदस्य



राजु कार्की
सदस्य



तीर्थ कुमार लामा
सदस्य



लक्ष्मण बलामी
सदस्य

## लेखा समिति



नानु थापा (पण्डित)
संयोजक



बिमल बिक्रम बानियाँ
सदस्य



बसन्त महर्जन
सदस्य

## ऋण उपसमिति



बेली मैया घले
संयोजक



पूर्ण प्रसाद श्रेष्ठ
सदस्य



माधव प्रसाद रेग्मी
सदस्य

## कानूनी सल्लाहकार



अधिवक्ता सिताराम राउत

# विषय सूची


| क्र.सं. | विषय | पृष्ठ |
|---|---|---|
| १. | सञ्चालक समितिको प्रतिवेदन | ३–१० |
| २. | लेखा समितिको वार्षिक प्रतिवेदन | ११–१२ |
| ३. | लेखापरीक्षकको प्रतिवेदन | १३–१४ |
| ४. | वासलात | १५ |
| ५. | आय बिवरण हिसाब | १६ |
| ६. | इक्विटी विवरण | १७ |
| ७. | नगद प्रवाह बिवरण | १८ |
| ८. | अनुसूचीहरू | १९–२७ |
| ९. | प्रमुख लेखा नीतिहरू | २८–३२ |


7th Annual Report 2014/15

**देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. थानकोट, काठमाडौंको**

# सातौं वार्षिक साधारण सभा सम्बन्धी सूचना ।

**शेयरधनी महानुभावहरु,**

यस देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. थानकोट, काठमाडौंको मिति २०७२/५/१८ गते बसेको संचालक समितिको बैठकको निर्णय बमोजिम यस संस्थाको सातौं वार्षिक साधारण सभा निम्न मिति, स्थान र समयमा उल्लेखित प्रस्तावहरु उपर छलफल गरी पारित गर्न बस्ने भएको हुँदा सम्पूर्ण शेयरधनी सदस्य महानुभावहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**साधारण सभा बस्ने मिति, स्थान र समयः**

मिति : २०७२ साल आश्विन २३ गते, शनिबार ।

स्थान : सतुङ्गल पार्टी प्यालेस, सतुङ्गल ।

समय : दिउँसो २:०० बजे ।

**साधारण सभामा छलफल हुने विषयहरुः**

१. संचालक समितिको तर्फबाट अध्यक्षज्यूबाट प्रस्तुत हुने आ.व. २०७१/०७२ को वार्षिक प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
२. संस्थाको आ.व. २०७१/०७२ को लेखापरीक्षण प्रतिवेदन माथि छलफल गरी पारित गर्ने सम्बन्धमा ।
३. चालू आ.व. २०७२/०७३ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने सम्बन्धमा ।
४. आ.व. २०७१/०७२ मा संचालक समितिको निर्णयले भए गरेका सम्पूर्ण कार्यहरुको अनुमोदन गर्ने सम्बन्धमा ।
५. साधारण सभाको निर्णय पुस्तिकामा हस्ताक्षर गर्नको लागि संचालक समितिको तर्फबाट १ जना र शेयर सदस्यको तर्फबाट १ जना प्रतिनिधिको चयन गर्ने सम्बन्धमा ।
६. शेयर सदस्यहरुलाई लाभांश वितरण गर्ने सम्बन्धमा ।
७. शेयर लाभांस शेयर पुँजीमा परिवर्तन गर्ने सम्बन्धमा ।
८. कर्मचारी बोनस वितरण गर्ने सम्बन्धमा ।
९. सदस्य हितकोष नीति २०७२ लागू गर्ने सम्बन्धमा ।
१०. समान उद्देश्य भएका अन्य सहकारी संस्थासँग एकीकरण गर्ने सम्बन्धमा ।
११. विविध ।

अध्यक्ष
संचालक समितिको आज्ञाले

**देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. को**
**संचालक समितिको तर्फबाट प्रस्तुत आ.व. २०७१/०७२ को**

# वार्षिक प्रतिवेदन

**आदरणीय शेयरधनी सदस्य महानुभावहरु !**

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को सातौं वार्षिक साधारण सभामा हाम्रो निमन्त्रणालाई स्विकार गरी पाल्नु भएका आदरणीय प्रमुख अतिथिज्यू, विशेष अथिति ज्यूहरु, अथिति ज्यूहरु, सल्लाहकारज्यूहरु, शेयरधनी सदस्य महानुभावहरु, संचालक समितिका साथिहरु, लेखा समितिका साथीहरु, ऋण उपसमितिका साथीहरु, विभिन्न मिडियाका पत्रकार मित्रहरु लगाएत यस सभामा पाल्नु भएका सम्पूर्ण सहकारी कर्मीहरुलाई सस्थाको संचालक समिति र मेरो व्यक्तिगत तर्फबाट हार्दिक स्वागत तथा सहकारी अभिवादन गर्न चाहन्छु ।

**शेयरधनी सदस्य महानुभावहरु,**

सदस्यहरुलाई आयमूलक, शीपमूलक र उत्पादनशिल कार्यका लागि उत्प्रेरित गरि आत्मनिर्भर र आर्थिक रुपमा सबल बनाउनु सहकारीको प्रमुख उद्देश्य हो, भने सहकारीको मेरुदण्ड भनेकै संस्थाका शेयर धनी सदस्य महानुभावहरु हुन । सदस्यहरु बिचको आर्थिक, सामाजिक, सांस्कृतिक र पर्यावरणीय आवश्यकताहरु पूर्ती गर्नको लागि स्वैच्छिक रुपमा लोकतान्त्रीक नियन्त्रण प्रणालीको आधारमा संगठीत भएका व्यक्तिहरु बिचको एउटा सामाजिक व्यवसाय सहकारी हो । जसमा सदस्यहरुको प्रत्यक्ष प्रभाव रहने र आफ्नो आवश्यकता बमोजिम नीति निर्माणलाई परिमार्जीत गरी बढी भन्दा बढी सदस्यहरुको हितको लागि संचालन गर्न गठन गरिएको व्यवसाय हो । सहकारी संस्थामा सदस्य भए पछि सबै सदस्यहरुले सहकारी ऐन, सहकारी मापदण्ड, संस्थाको विनियम, बचत तथा ऋण नीति बमोजिम हक र अधिकार समान रुपमा प्राप्त गर्न सकिन्छ । त्यसैले सहकारीलाई एउटा उत्कृष्ट सामुहिक व्यवसाय हो भन्न सकिन्छ ।

शेयर सदस्य महानुभावहरु गत बैशाख १२ र २९ गते दिउँसो गएको महाविनाशकारी भूकम्पका कारण देशले ठूलो मात्रामा मानवीय, भौतिक र आर्थिक क्षति व्यहोर्नु परेको थियो । सो भूकम्पमा परि दिवंगत हुनु भएका सम्पूर्ण मृतकहरुलाई हार्दिक समवेदना अर्पण गर्न चाहन्छु । सो विनाशकारी भूकम्पको कारण देशको हरेक क्षेत्रलाई अतुलनिय क्षति पुगेकोमा सहकारी क्षेत्र पनि अछुतो रहन सकेन । त्यस्तो विषम परिस्थितिमा पनि संस्थाले नियमित रुपमा सदस्यहरुको सेवा र हितको लागि दैनिक कार्य सम्पादन गर्नु आफैमा एउटा उदाहरणीय कदम थियो । संस्थालाई विनाशकारी भूकम्पले मानवीय र भौतिक रुपमा असर नपारेता पनि आर्थिक रुपमा केहि असर पारेको छ । ती राष्ट्रिय विपत्तीका दिनहरुमा ऋण असुलीमा सदस्यहरुलाई छुट दिन नसकिएता पनि खासै कडाई भने गरीएन फलस्वरुप संस्थाले गर्नुपर्ने वास्तविक मूनाफामा कमि आएको छ । आजको यस गरीमामय साधारण सभाबाट सदस्यहरुलाई के अनुरोध गर्न चाहन्छु भने कृपया यो संस्था भनेको तपाईहरुकै

संस्था हो र तपाईहरुले यस संस्थालाई आफ्नो संस्था र सम्पत्ती ठानी अविच्छिन्न सहयोग र माया प्रदान गर्न जरुरी छ । साथै सदस्यहरुलाई आफ्नो नियमित सम्पूर्ण कारोबार पनि संस्थासंग गर्नु हुन एवं संस्थाको हितका लागि सधै अग्रसर भईदिनु हुन पनि म यो सभाबाट अनुरोध गर्दछु ।

| आ.व. | शेयर पूँजी | बचत | ऋण | कुल सम्पत्ति |
|---|---|---|---|---|
| ०६५/०६६ | २२,५०,०००/- | ७४,७२,९३७/- | १०,३०,०००/- | ९२,००,५५९/- |
| ०६६/०६७ | ५२,८४,०००/- | ९,३१,३७,२९९/- | ८,४९,७९,६१६/- | १०,४१,७१,५११/- |
| ०६७/०६८ | ८८,८९,९००/- | १०,३५,५२,७४५/- | ९,३६,८५,१०४/- | ११,८१,२८,२८५/- |
| ०६८/०६९ | १,०७,२९,५००/- | ११,३२,७०,०२०/- | ९,१२,३३,५५५/- | १३,१९,९८,२०५/- |
| ०६९/०७० | १,२०,६७,९००/- | १४,४०,४५,८२७/- | १२,३३,६६,७१२/- | १६,७१,१०,९६७/- |
| ०७०/०७१ | १,४०,२४,१००/- | २४,००,२१,२११/- | १५,७८,५८,६७६/- | २६,७२,१५,२४३/- |
| ०७१/०७२ | १,५४,८४,८००/- | ३०,६७,०३,०५६/- | २२,८९,३९,३०५/- | ३३,८३,१६,८६८/- |

व्यवस्थापनको अथक प्रयास, कर्मचारीहरुको लगनशिलता र इमानदारीताको साथै शेयरधनी सदस्यहरुको अविच्छिन्न सहकार्य र सहयोगले आ.व. २०७१/०७२ मा शेयर पूँजी, निक्षेप संकलन, कर्जा लगानी र कुल कारोबार बृद्धिमा अधिकतम सफलता हासिल गर्न सकेका छौं, भने अधिक तरलता, देशको संक्रमणकालीन राजनीति र महाविनाशकारी भूकम्पका कारणले सोचे अनुसार मुनाफा आर्जन गर्न सकेनौ । अब म आ.व २०७१/०७२ मा संस्थाले हासिल गरेको सफलतालाई यसै प्रतिवेदनमा बुँदागत रुपमा यस साधारण सभा समक्ष प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

### १. व्यवस्थापन

नीति नियमको अधिनमा रहि निर्भिक भएर ईमानदारी पूर्वक कर्तव्य पालना गर्नु सफल व्यवस्थापनको प्रतिविम्ब हो । यस संस्थाको व्यवस्थापन पनि संचालक समितिको प्रत्यक्ष निर्देशन तथा रेखदेखमा संस्थाको दैनिक कार्य संचालन, लक्ष्य प्राप्ती, प्रतिस्पर्धामा उत्कृष्ट ठहरिन तथा सदस्यहरुलाई छिटो छरिटो र सरल ढंगले गुणस्तरीय वित्तिय सेवा प्रवाह गराउन सदैव सचेत र क्रियाशील रहेको छ । हाल संस्थाको व्यवस्थापनमा कार्यकारी अध्यक्ष-१, प्रबन्धक-१, अधिकृत-२, सहायक अधिकृत-१, वरिष्ठ सहायक-५, सहायक-४, कनिष्ठ सहायक-४, सुरक्षाकर्मी-२, पियन-२ समेत २२ जना दक्ष तथा अनुभवी पदाधिकारी एवं कर्मचारीहरु कार्यरत रहेका छौं । आ.व. २०७१/०७२ मा कर्मचारी संख्या तर्फ पियन -१ जना थप गरेको व्यहोरा समेत अवगत गराउन चाहन्छु ।

### २. शेयरपूँजी:

आ.व. २०७१/०७२ मा संस्थाको शेयरपूँजी रु. १,५४,८४,८०० (एक करोड चवन्न लाख चौरासी हजार आठ सय रुपैयाँ मात्र) पुगेको व्यहोरा आदरणीय शेयरधनी सदस्यहरु समक्ष

अवगत गराउन चाहन्छु । साथै संस्थाको शेयर पूँजी बृद्धि गर्न गत आ.व.को शेयर लाभांस शेयर पूँजीमा परिवर्तन गर्ने प्रस्ताव यस गरिमामय साधारण सभा समक्ष राख्ने अनुमति चाहन्छु ।

### ३. निक्षेप संकलनः

संस्थाको गत आ.व. २०७०/०७१ को कूल निक्षेप रु. २४,००,२१,२११.८६ (चौबिस करोड एक्काईस हजार दुई सय एघार रुपैयाँ छयासी पैसा मात्र) रहेकोमा आ.व. २०७१/०७२ मा संस्थाले नियमित अवधि बचत, साधारण बचत, मुद्धती बचत, बाल शैक्षिक बचत, सुनौलो बचत, बिशेष बचत, नारी उत्थान बचत, पेन्सन बचत, संचयकोष बचत, बोनस अवधि बचत र कल बचत योजना अन्तर्गत रु.६,६६,८१,८४४.२८ (छ करोड छैसाठ्ठी लाख एकासी हजार आठ सय चौवालीस रुपैया अठ्ठाईस पैसा मात्र) थप निक्षेप संकलन गरी रु. ३०,६७,०३,०५६.१४ (तीस करोड सढसाठ्ठी लाख तीन हजार छपन्न रुपैयाँ चौध पैसा मात्र) पुऱ्याउन सफल भएका छौं ।

### ४. कर्जा सापटी तथा लगानी र असुलीः

गत आ.व. २०७०/०७१ मा कर्जा लगानीमा रु. १५,७८,५८,६७६.६९ (पन्ध्र करोड अठहत्तर लाख अन्ठाउन्न हजार छ सय छहत्तर रुपैयाँ उन्नानसत्तरी पैसा मात्र) रहेकोमा आ.व. २०७१/०७२ को अन्त्य सम्ममा थप कर्जा रु. २१,२२,९८,३१४ (एक्काईस करोड बाईस लाख अन्ठानब्बे हजार तीन सय चौध रुपैयाँ मात्र) लगानी गरिएको मध्ये रु. १४,१२,१७,६८४.९० (चौध करोड बाह्र लाख सत्र हजार छ सय चौरासी रुपैयाँ नब्बे पैसा मात्र) कर्जा असुली गरि बाँकी कर्जा रकम रु २२,८९,३९,३०५.७९ (बाईस करोड उनानब्बे लाख उन्नचालीस हजार तीन सय पाँच रुपैया उनासी पैसा मात्र) कर्जा लगानीमा रहेको व्यहोरा शेयरधनी सदस्यहरु माझ जानकारी गराउन चाहन्छु ।

### ५. तरलताः

संस्थाको आफ्नै सहकारी भवन निर्माण पछि सदस्यहरुको संस्था प्रतिको विश्वास अझ बढ्न गएको छ । साथै देशको संक्रमणकालीन अवस्था, समग्र वित्तिय क्षेत्रमा नगद मौज्दात बढ्नु र महाविनासकारी भूकम्पको कारणले गर्दा कर्जा लगानीमा आएको ह्रासले संस्थाको तरलता आवश्यक भन्दा बढी रहन गएको छ । गत आ.व. २०७१/०७२ मा रु. ८,३९,२७,२४२.३४ (आठ करोड उन्नचालीस लाख सत्ताईस हजार दुई सय बयालीस रुपैया चौत्तीस पैसा मात्र) नगद तरलता रहेको छ । जसले गर्दा गत आ.व.को खुद मुनाफामा प्रत्यक्ष असर पारेको छ ।

### ६. आ.व. २०७१/०७२ को कूल आम्दानी र खर्च विवरणः

आम्दानी तर्फ संस्थाले आ.व. २०७१/०७२ मा कर्जा लगानीबाट व्याज रु. ३,०९,३१,२५६.३५

(तीन करोड नौ लाख एकतीस हजार दुई सय छपन्न रुपैयाँ पैत्तीस पैसा मात्र) र प्रक्रियागत शुल्क लगायत अन्य विविध आम्दानी रु. ८३,५२,४९०.११ (त्रियासी लाख बाउन्न हजार चार सय नब्बे रुपैयाँ एघार पैसा मात्र) गरी कूल रु. ४,१०,४६,३१९.४६ (चार करोड दस लाख छयालीस हजार तीन सय उन्नाईस रुपैयाँ छयालीस पैसा मात्र) आम्दानी गरेको छ भने खर्च तर्फ गत आ.व. २०७१/०७२ मा विभिन्न बचतमा प्रदान गरिएको व्याज खर्च रु. २,६२,९३,९५७.०८ (दुई करोड बैसाठ्ठी लाख त्रियानब्बे हजार नौ सय सन्ताउन्न रुपैयाँ आठ पैसा मात्र), प्रशासनिक खर्च रु. ३३,१२,४५६.३२ (तेतीस लाख बाह्र हजार चार सय छपन्न रुपैयाँ बत्तिस पैसा मात्र), कर्मचारी खर्च रु. ५७,५०,८०४.३६ (सन्ताउन्न लाख पचास हजार आठ सय चार रुपैयाँ छत्तिस पैसा मात्र), ह्रास कट्टी खर्च रु. ४,४३,७६४.९३ (चार लाख त्रिचालिस हजार सात सय चौसाठी रुपैयाँ त्रियानब्बे पैसा मात्र) र संभावित कर्जा जोखिम कोष व्यवस्था तर्फ रु. २३,९४,९१७.७५ (तेईस लाख चौरानब्बे हजार नौ सय सत्र रुपैयाँ पचहत्तर पैसा मात्र) समेत गरी जम्मा रु. ३,८१,९५,९००.४४ (तीन करोड एकासी लाख पन्चानब्बे हजार नौ सय रुपैयाँ चौवालीस पैसा मात्र) खर्च भएको व्यहोरा समेत म शेयरधनी महानुभावहरु समक्ष अवगत गराउन चाहन्छु ।

## ७. नाफा नोक्सान हिसाबः

आ.व. २०७१/०७२ मा संस्थाको कूल आम्दानी रु. ४,१०,४६,३१९.४६ (चार करोड दस लाख छयालीस हजार तीन सय उन्नाईस रुपैयाँ छयालीस पैसा मात्र) रहेको छ भने गत आ.व. नै संस्थाको कुल खर्च रु. ३,८१,९५,९००.४४ (तीन करोड एकासी लाख पन्चानब्बे हजार नौ सय रुपैयाँ चौवालीस पैसा मात्र) हुन गएको छ । यसर्थ संस्थाले आ.व. २०७१/०७२ मा आयकर अघि रु. २८,५०,४१९.०२ (अठ्ठाईस लाख पचास हजार चार सय उन्नाईस रुपैयाँ दुई पैसा मात्र) मुनाफा आर्जन गरेको व्यहोरा म आदरणीय शेयरधनी सदस्य समक्ष राख्न चाहन्छु ।

## ८. कुल कारोवारः

संस्थाले आर्थिक वर्ष २०७१/०७२ अन्त्यसम्म कूल कारोवार रु. ३३,८३,१६,८६८.२१ (तेत्तीस करोड त्रियासी लाख सोह्र हजार आठ सय अड्साठ्ठी रुपैयाँ एकाईस पैसा मात्र) पुऱ्याउन सफल रहेको व्यहोरा शेयरधनी सदस्यहरु माझ सहर्ष जानकारी गराउन चाहन्छु ।

## ९. संस्थाको गतिविधिहरुः

संस्थाले गत आ.व. २०७१/०७२ मा निक्षेप संकलन र कर्जा प्रवाहका अतिरिक्त सहकारी सँग सम्बन्धित, सदस्यहरुसँग सम्बन्धित एवम सामाजिक गतिविधिहरुमा आफ्नो सक्रिय उपस्थिति

जनाएको थियो । जस अन्तर्गत "राष्ट्रिय सहकारी दिवस-२०७१" को अवसर मा आयोजित सहकारी ऱ्याली तथा आमसभा कार्यक्रममा संस्थाका सम्पूर्ण पदाधिकारी, कर्मचारीहरु एवंम सदस्यहरुको समेत सहभागीतामा संस्थाको व्यानर, बाजागाजा सहित सहभागिता रहेको थियो । त्यस्तै फोकस नेपाल नामक एक गैर सरकारी संस्थाद्धारा आयोजित सम्मान कार्यक्रममा सामान्य प्रशासन मन्त्री माननीय श्री लालबाबु पण्डितज्यूले संस्थाका अध्यक्षज्यूलाई "विशेष सेवा सम्मान २०७१" प्रदान गर्नु भएको थियो । उक्त कार्यक्रममा संस्थाका सम्पूर्ण पदाधिकारीहरु तथा कर्मचारीहरुको उपस्थिति रहेको थियो । त्यस्तै सनसाईन हाई स्कुल, गुर्जुधाराको आयोजना र वागेश्वरी हस्पिटल प्रा.लि., सतुङ्गलको सहयोगमा संचालन भएको स्वास्थ्य शिविरलाई संस्थाले प्रायोजन गरि सहयोग गरेको थियो । उक्त शिविरबाट १९१ जना महानुभावहरुले स्वास्थ्य जाँच गराउनुका साथै निःशुल्क औषधि वितरण गरिएको थियो । त्यस्तै संस्थाले कर्मचारीहरु तथा पदाधिकारीहरुको पूनः ताजगी तथा कामको बोझ बाट केही समय टाढा बनाई पुनः नयाँ जोश र हौसलाका साथ काममा फर्काउन वार्षिक रुपमा गर्दै आएको सहकारी अवलोकन भ्रमण अन्तर्गत गत आ.व.मा मनकामना र सौराहा भ्रमण गराइएको थियो । संस्थाले विगतका वर्षहरु झै नयाँ वर्ष २०७२ को उपलक्ष्यमा पनि क्यालेण्डर छपाई तथा वितरण कार्यक्रम गरेको थियो । तर बैशाख १२ गतेको विनाशकारी भूकम्पले गर्दा क्यालेण्डर वितरण कार्यक्रम प्रभावकारी हुन सकेन र सम्पूर्ण सदस्यहरुलाई समयमै क्यालेण्डर पुऱ्याउन केहि कठिन भयो । त्यसका साथै बैशाख १२ गतेको विनाशकारी भूकम्प पछिको विषम अवस्थामा देखिएका स्वास्थ समस्याको समाधानका लागि युनाईटेड थुङरम बौद्ध फाउण्डेशनको सहकार्यमा मिति २०७२/०१/२२ गते जि.वि.स. ग्राउण्ड बलम्बुमा स्वास्थ्य शिविर आयोजना गरिएको थियो । उक्त स्वास्थ्य शिविरबाट ५६० जना भूकम्प पिडितहरुको स्वास्थ्य जाँचका साथै निःशुल्क औषधि वितरण गरिएको थियो । साथै विनाशकारी भूकम्पले गर्दा घर भत्किन गई समस्यामा पर्नु भएका सदस्यहरुलाई अस्थाई वसोबासको लागि टहरो निर्माण गर्न संस्थाले सहुलियत कर्जा व्यवस्था गरि लगानी गरेको थियो । त्यस्तै संस्थाको सातौं वार्षिक उत्सवको उपलक्ष्यमा संस्थाको सहकारी हलमा वृहत स्वास्थ्य शिविर आयोजना गरिएको थियो । उक्त स्वास्थ्य शिविरमा ३०० भन्दा बढि सदस्यहरुले स्वास्थ्य परिक्षण गराई लाभांवित हुनु भएको थियो । उक्त स्वास्थ्य शिविर आयोजनाको लागि वागेश्वरी हस्पिटल प्रा.लि.ले विशेष सहयोग प्रदान गरेको थियो । सातौं वार्षिक उत्सवकै उपलक्ष्यमा संस्थाका सम्पूर्ण पदाधिकारी तथा कर्मचारीहरुको उपस्थितिमा मातातिर्थ वृद्धाश्रम समिति, मातातिर्थमा रहेका वृद्धा आमाहरुलाई खाना खुवाउने तथा फलफुल, हर्लिक्स वितरण गर्ने कार्यक्रम गरिएको थियो । त्यसका साथै संस्थाले आफ्नो कार्यक्षेत्र भित्र आयोजना हुने धार्मिक, सांस्कृतिक, शैक्षिक र खेलकुद आदि क्षेत्रमा पनि सहभागिता जनाउँदै आएको जानकारी यस सभा समक्ष गराउन चाहान्छु ।

**१०. देवदर्शन सहकारी भवनः**

संस्थाको आफ्नै सहकारी भवन निर्माण गरि सदस्यहरुलाई सेवा प्रदान गर्ने उद्देश्य अनुरुप मिति २०७०/०२/३० गते नेपाल बचत तथा ऋण केन्द्रिय सहकारी संघ लि.(नेफस्कुन) का अध्यक्ष श्री मिनराज कडेल ज्यू बाट सहकारी भवनको शिलान्यास सम्पन्न गरिएको

थियो । भवन निर्माण कार्य समयमै सम्पन्न गरी मिति २०७१/०६/०३ गते सम्माननीय संविधान सभा अध्यक्ष श्री सुवास चन्द्र नेम्वाङ् ज्यूबाट सहकारी भवनको उद्घाटन गरिएको थियो । हाल संस्थाले सहकारी भवनबाटै सेवा प्रदान गर्दै आईरहेको जानकारी यस सभा समक्ष गराउन चाहन्छु ।

## देवदर्शन सहकारी भवन

| | |
|---|---|
| सहकारी संस्थाको जग्गा खरिद मिति | २०६८/१०/२७ गते |
| सहकारी संस्थाको जग्गा विवरण | महादेवस्थान गा.वि.स. वडा नं. २ 'क', कित्ता नं. ८९१, क्षेत्रफल: ०-५-२-० |
| सहकारी संस्थाको जग्गाको मूल्य | रु ४६,७५,०००/- |
| भवन निर्माण प्रारम्भ मिति | २०७०/०२/३० गते |
| भवन निर्माण लागत (Civil work) | रु. ५९,५४,७७३.९०/- |
| भवन निर्माण लागत (Interior work) | रु. ७३,५०,३७६.१०/- |
| कुल लागतको मू.अ.कर | रु. १७,२९,६६९.५०/- |
| सहकारी भवन कुल लागत | रु. १,५०,३४,८१९.५०/- |

### ११. सहकारी भवन उद्घाटन तथा छैठौं वार्षिक साधारण सभा:

संस्थाको सहकारी भवन उद्घाटन तथा छैठौं वार्षिक साधारण सभा मिति २०७१/०६/०३ गते संस्थाको नवनिर्मित भवनको प्राङ्गणमा सु-सम्पन भएको थियो । उक्त दिन संस्थाको भवन उद्घाटन तथा छैठौं साधारण सभाको उद्घाटन सम्माननीय संविधान सभा अध्यक्ष श्री सुवास चन्द्र नेम्वाङ्गज्यूबाट गरिएको थियो । उक्त उद्घाटन कार्यक्रमको अवसरमा प्रमुख अतिथि तथा सम्माननीय संविधान सभा अध्यक्ष श्री सुवास चन्द्र नेम्वाङ्गज्यूले संस्थाको वार्षिक प्रतिवेदन अध्ययन गरी संस्थाको वित्तिय अवस्था राम्रो रहेको, निरन्तर मुनाफा गर्न सफल रहेको साथै छोटो समयमै संस्थाले आफ्नै सहकारी भवन निमार्ण सम्पन्न गर्न सफल रहेकोमा खुसी ब्यक्त गर्दै संस्थालाई आगामी दिनहरुको लागि शुभकामना ब्यक्त गर्नु भएको थियो । साथै उहाँले सरकारी भवन अवलोकन पनि गर्नु भएको थियो । साथै उद्घाटन कार्यक्रम पश्चात संस्थाको छैठौं वार्षिक साधारण सभा सम्पन्न भएको थियो । सो साधारण सभामा विशेष अतिथिको रुपमा माननीय सभासद श्री विनोद श्रेष्ठज्यू र माननीय सभासद श्री रुपा महर्जनज्यूको उपस्थिति रहेको थियो । साथै अन्य अतिथिज्यूहरु, विभिन्न संघसंस्थाका प्रतिनिधिज्यूहरु, शेयर सदस्य महानुभावहरु र सर्वसाधारणज्यूहरुको पनि बाक्लो उपस्थिति रहेको थियो । साथै संस्थाले उक्त साधारण सभामा उत्कृष्ट बचतकर्ता सदस्य, उत्कृष्ट कारोबारी सदस्य, उत्कृष्ट आवधीक बचतकर्ता सदस्य, उत्कृष्ट मुद्दती बचतकर्ता सदस्य, उत्कृष्ट वर्ष कर्मचारी (आन्तरीक/वाह्य) १/१ जना, S.L.C परिक्षामा उत्कृष्ट अंक ल्याउने शेयर सदस्यहरुका एक छोरा/एक छोरी लाई प्रदान गरिदै आएको Devdarshan S.L.C Excellence Award पनि प्रदान गरिएको थियो । सानो कार्यक्रम स्थल, सदस्यहरुको बाक्लो उपस्थिति र दुईवटा कार्यक्रम एकै समयमा हुँदा कार्यक्रम केही अस्तव्यस्त भएको गुनासो सदस्यहरुबाट आएको थियो । तर पनि समग्रमा कार्यक्रमहरु सफल रुपमा सम्पन्न गरिएको थियो ।

## १२. राजस्वमा योगदानः

आ.व. २०७१/०७२ मा संस्थाले आन्तरिक राजस्व कार्यालय कलंकीमा विभिन्न राजस्व शिर्षकमा रु १७,१६,८६०.३९ (सत्र लाख सोह्र हजार आठ सय साठी रुपैया उन्चालीस पैसा मात्र) दाखिला गरेको थियो । जस अन्तर्गत ब्याज कर रु १३,२१,१२४.७७ (तेह्र लाख एक्काइस हजार एक सय चौबीस रुपैया सतहत्तर पैसा मात्र), पारिश्रमिक कर रु १,९९,३२४.५४ (एक लाख उनानसय हजार तीन सय चौबीस रुपैया चवन्न पैसा मात्र), शेयर लाभांश कर रु ६४,१०४.३८ (चौसाठ्ठी हजार एक सय चार रुपैया अठतीस पैसा मात्र), बैठक भत्ता कर रु २९,३२५.०० (उन्तीस हजार तीन पच्चीस रुपैया मात्र), घर भाडा कर रु १३,९३१.०७ (तेह्र हजार नौ सय एकतीस रुपैया सात पैसा मात्र) र लेखा परिक्षण कर रु ४,०५०.०० (चार हजार पचास रुपैया मात्र) दाखिला गरेको थियो । त्यस्तै संस्थाले गत आ.व. देखि आयकर पनि दाखिला सुरु गरेको थियो । जस अन्तर्गत रु ८५,०००.०० (पच्चासी हजार मात्र) चैत्र मसान्त सम्म अनुमानीत आयकर दाखिला गरेको र बाँकी रु ४,८५,०८३.०८ (चार लाख पचासी हजार त्रियासी रुपैया आठ पैसा मात्र) आयकर व्यवस्था गरेको जानकारी यस सभा समक्ष गराउँछु ।

## १३. आ. ब. ०७२/०७३ को लागि लक्ष्य एवं बजेट :

### क. शेयर पूजी :

संस्थाको कारोबार बृद्धि गर्न सदस्य संख्या बृद्धि संगै आ.ब. ०७२/०७३ सम्ममा रु. २ करोड शेयर पूँजी पुर्‍याउने संस्थाको लक्ष्य रहेको छ ।

### ख. निक्षेप संकलन :

बिभिन्न प्रकारका निक्षेप संकलन एवं भुक्तानी गरी आ. ब. ०७२/०७३ को अन्त्य सम्ममा संस्थाको कुल बाँकी निक्षेप रु. ४० करोड पुर्‍याउने लक्ष्य रहेको छ ।

### ग. कर्जा लगानी :

शेयर, बचत, साँवा र ब्याज असुलीको रकम तथा अन्य आम्दानी आदिबाट आएको रकम समेतबाट आ.ब. ०७२/०७३ मा विभिन्न उद्देश्यका कर्जामा रु २२ करोड लगानी गर्ने उद्देश्य राखिएको छ ।

### घ. कर्जा असुली :

सम्पूर्ण लगानी गरिएका पुराना कर्जा तथा आ. ब. ०७२/०७३ मा लगानी गरिने कर्जा समेतको असुली कार्य तालिका अनुसार रु. १० करोड असुली गरि सोहि आ.ब. को अन्त्य सम्ममा लगानीमा बाँकी कर्जा रु. ३५ करोड हुने अनुमान गरिएको छ ।

### ङ. कर्मचारी दरबन्दी :

हाल संस्थामा कार्यरत कर्मचारीहरु सहित आ. व. ०७२/०७३ मा हुने अनुमानित कुल कारोबार बृद्धि अनुसार आवश्यक शाखाहरुमा कर्मचारीहरु थप गर्नुपर्ने अनुमान गरिएको छ ।

### च. अनुमानित खर्च :

आ. ब. ०७२/०७३ को लागि बचत तथा सापटीमा ब्याज खर्च तर्फ रु. ३ करोड ७५ लाख १ हजार, कर्मचारीहरुको तलब, भत्ता तथा अन्य सुबिधा

आदिको लागि रु. ७४ लाख ८९ हजारको व्यवस्था गरिएको छ। त्यस्तै कार्यालय संचालन खर्च तर्फ रु. ८१ लाख र ह्रासकट्टी रु ११ लाख १० हजार गरी जम्मा रु. ५ करोड ४२ लाख अनुमानित खर्च व्यवस्था गरिएको छ।

**छ. अनुमानित आम्दानी :**

आ.ब. ०७२/०७३ मा कर्जा तथा सापट बाट ब्याज आम्दानी तर्फ रु. ४ करोड ६७ लाख १० हजार अनुमान गरिएको छ। त्यसैगरी विविध आम्दानी तर्फ रु. १ करोड २४ लाख गरी जम्मा अनुमानित आम्दानी रु. ५ करोड ९१ लाख १० हजार हुने अनुमान गरिएको छ।

**ज. नाफा–नोक्सान स्थिति :**

उपरोक्त बमोजिम कुल अनुमानित आम्दानी रकम रु. ५ करोड ९१ लाख १० हजार बाट अनुमानित खर्च रकम रु. ५ करोड ४२ लाख कट्टा गर्दा अनुमानित नाफा रकम रु. ४९ लाख १० हजार रहन जाने देखिन्छ।

**झ. आ.ब. ०७२/०७३ को लागि अनुमानित सम्पत्ति बजेट :**

आ. ब. २०७२/०७३ मा संस्थाको भवन निर्माणका सम्पूर्ण बिलहरु फर्छौट हुने हुदाँ अनुमानित रु ७३,५०,३७६.१० (त्रिहत्तर लाख पचास हजार तीन सय छहतर रुपैया दश पैसा मात्र) को अनुमानित सम्पत्ति बजेट बिनियोजन गरिएको छ।

**१४. धन्यवाद ज्ञापन:**

अन्तमा संस्थालाई निरन्तर रुपमा सहयोग गरी रहनु हुने हाम्रा आदरणीय शेयरधनी सदस्यहरुलाई म हृदयदेखि नै धन्यवाद दिन चाहन्छु। त्यसैगरी संस्था संचालनका लागि मार्गदर्शकको रुपमा रहेको सहकारी विभाग काठमाडौं, डिभिजन सहकारी कार्यालय काठमाडौं, संचालक समितिका पदाधिकारीहरु, लेखा समितिका पदाधिकारीहरु, संस्थालाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा सहयोग पुऱ्याउनु हुने व्यक्ति संघसंस्था एवं आ.व. २०७१/०७२ को लेखा परीक्षण प्रतिवेदन तयार गरी सहयोग पुऱ्याउनु हुने लेखा परीक्षक श्री चन्द्र बहादुर गुरुङ्ग (चन्द्र एण्ड कम्पनी) र नेपाल सरकारको सम्बन्धित निकाय समेतलाई सहयोगको लागि स-धन्यवाद हार्दिक आभार प्रकट गर्न चाहन्छु। भविष्यमा पनि सबै क्षेत्रबाट सहयोग पाउने अपेक्षा गरेको छु। संस्था सञ्चालनमा हरतरहले सहयोग पुऱ्याउने संस्थाका प्रबन्धक, अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरुलाई मेरो तर्फबाट धेरै धेरै धन्यवाद दिन चाहन्छु। साथै आजको यस सभामा हाम्रो निमन्त्रणालाई स्वीकारी पाल्नु भएका प्रमुख अतिथि, विशेष अतिथि, अतिथि, शेयर सदस्य महानुभावहरु र विभिन्न मिडियाबाट उपस्थित पत्रकार मित्रहरुमा समेत हार्दिक कृतज्ञता प्रकट गर्दछु। अन्तमा लेखा परीक्षकद्वारा तयार पारिएको आ.व. २०७१/०७२ को लेखा परीक्षण प्रतिवेदन सहितको वासलात तथा नाफा नोक्सान हिसाब लगायत अन्य वित्तीय विवरणहरु र संचालक समितिको तर्फबाट प्रस्तुत प्रस्तावहरु अनुमोदनको लागि शेयरधनी सदस्य महानुभावहरुमा हार्दिक अनुरोध गर्दछु।

धन्यवाद। जय सहकारी॥ २०७२।०६।२३ गते शनिबार।

**देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. को**
**सातौं वार्षिक साधारण सभामा लेखा समितिको तर्फबाट**
**संयोजकको आ.व. २०७१/०७२ को**

# वार्षिक प्रतिवेदन

देव दर्शन बचत तथा ऋण सहकारी संस्था लि.को सातौं वार्षिक साधारण सभाका सभापति ज्यू, प्रमुख अतिथि ज्यू, अतिथि ज्यूहरु, संचालक समितिका सदस्यज्यूहरु, यस संस्थाका सम्पूर्ण शेयर सदस्य महानुभावहरु तथा अन्य आमन्त्रित सदस्यहरुमा यस संस्थाको सातौं वार्षिक साधारण सभाको अवसरमा हार्दिक स्वागत गर्दै लेखा समितिको तर्फबाट म संयोजकको हैसियतले तपाईहरु समक्ष आ.व. ०७१/७२ को लेखा समितिको प्रतिवेदन पेश गर्ने अनुमति चाहन्छु ।

यस संस्थाले काठमाण्डौं जिल्लाको पश्चिम भेगिय गा.वि.स.हरुलाई कार्य क्षेत्रमानी संकलन गरिएको निक्षेप रकमलाई व्यवसायी, उद्यमी तथा इमान्दार सदस्यहरुको व्यवसाय प्रवर्द्धनको लागि सरल, छिटोछरिटो एवं शुलभ व्याजदरमा कर्जा प्रवाह गरी सदस्यहरुलाई सवल र आत्मनिर्भर एवं सक्षम व्यवसायी बनाई संस्थाको हिस्सेदारको रुपमा स्थापित गर्दै लाने मुल उद्देश्य सहित २०६६/०३/०६ गतेबाट कारोबार सुरु गरेको संस्थाले आजका मिति सम्म आइपुग्दा आफ्नै सहकारी भवनबाट पूर्ण बैंकीङ्ग सुविधा प्रदान गर्न सफल भएको छ । सदैव नीति नियमको अधिनमा रहने तथा संस्थाको कार्यक्रमहरुलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्नु नै संस्थाको सफलताको रहस्य हो । संस्था स्थापनाको लगतै वर्ष आर्थिक प्रशासन विनियमावली, कर्मचारी प्रशासन विनियमावली निर्माण गरी लागू गर्नु, सहकारी विभाग र डिभिजन सहकारी कार्यालयको मार्ग निर्देशनमा संस्था संचालन गर्नु, संचालक समिति, लेखा समिति, ऋण उपसमिति तथा व्यवस्थापन लक्ष्य प्राप्तीका लागि निरन्तर लागि रहनु संस्थाको राम्रा पक्षहरु रहेका छन् । आगामी दिनहरुमा पनि संस्थाले सहकारी विभाग, डिभिजन सहकारी कार्यालयको निर्देशन संस्थाको स्विकृत विनियम तथा नीतिहरु कार्यन्वयन गर्दै जाने छ भन्ने मैले विश्वास लिएको छु । साथै आगामी दिनहरुका लागि लेखा समितिको तर्फबाट केही सुझावहरु पनि दिन चाहन्छु ।

## लेखा समितिको सुझावहरुः

क) सहकारी ऐन नियम र निर्देशन, संस्थाको आर्थिक प्रशासन विनियमावली, कर्मचारी प्रशासन विनियमावली, ऋण नीति र वचत नीतिलाई अझ सशक्त रुपमा कार्यान्वयन गर्नु पर्ने देखिन्छ ।

ख) आजको प्रतिस्पर्धात्मक वित्तिय वातावरणमा सदस्यहरुलाई व्यवस्थित, पारदर्शी, सरल, सुलभ र छिटोछरीतो तरिकाबाट सेवा प्रदान गर्नु पर्ने अवस्था देखिन्छ, ताकि सदस्यहरुको

पहिलो रोजाईमा यो संस्था पर्न सकोस् ।

ग) डिभिजन सहकारी कार्यालयबाट प्राप्त सुझावहरु कार्यान्वयन गर्ने र सो सम्बन्धि नीति निर्माण गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ ।

घ) संस्थाको कारोबार वृद्धि भैरहेको र शेयर पूँजी कम भएकोले तत्काल शेयर पूँजी वृद्धि गर्नु पर्ने देखिन्छ ।

ङ) तरलता व्यवस्थापनमा जोड दिनु पर्ने देखिन्छ । त्यसको लागि कर्जा लगानीमा नयाँ क्षेत्र पहिचान गरि लगानी बढाउनु पर्ने देखिन्छ ।

अन्तमा यस समितिलाई आवश्यक सहयोग प्रदान गर्नुहुने संचालक समिति, प्रबन्धक, अधिकृत तथा सम्पूर्ण कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछौं ।

नानु पण्डित (थापा)
संयोजक
लेखा समिति

**Chandra & Company**

Pan 500057085

Registered Auditor
Regd. No 2150 B
C. O. P. No 1212
Phone no 014420187
Kathmandu, Thamel

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि. का
## शेयर सदस्य महानुभावहरु समक्ष स्वतन्त्र लेखापरीक्षकको प्रतिबेदन

## वित्तीय विवरण उपर प्रतिवेदन

१. हामीले देबदर्शन बचत तथा ऋण सहकारी संस्था लि, काठमाण्डौको वित्तीय विवरण जसले २०७२ साल आषाढ ३१ (१६ जुलाई २०१५) को वासलात, सो मितिमा समाप्त भएको आर्थिक बर्ष २०७१। ०७२ को आय बिवरण हिसाव, नगद प्रबाह विवरण तथा इक्विटीमा भएको परिवर्तन विवरण र प्रमुख लेखा नीति तथा लेखा टिप्पणी समावेश गर्दछ, जसको लेखा परीक्षण सम्पन्न गरेको छौ ।

### वित्तीय विवरण उपर ब्यबस्थापनको उत्तरदायित्व

२. प्रचलित कानून तथा लेखामान बमोजिम वित्तीय विवरणको तयारी र यथार्थ प्रस्तुतीकरण गर्नु देबदर्शन बचत तथा ऋण सहकारीसंस्था लि को ब्यबस्थापनको उत्तरदायित्व हो । यस उत्तरदायित्व अन्तर्गत वित्तीय विवरण गलत आंकडा, जालसाजी वा त्रुटीको कारण रहीत छ भनी तयारी र प्रस्तुतीकरण गर्ने कार्यसंग सम्बन्धित आन्तरिक नियन्त्रण प्रणालीको तर्जुमा गर्ने, लागू गर्ने र अधावधिक वनाई राख्ने, उपयुक्त लेखानीतिको छनोट गर्ने र लागू गर्ने तथा तत्कालीन अवस्थामा उपयुक्त लेखा अनुमानहरु गर्ने कार्यहरु पर्दछन् ।

## लेखापरिक्षकको उत्तरदायित्व

वित्तिय विवरण उपर लेखापरिक्षणको आधारमा आफ्नो राय जारी गर्नु हाम्रो उत्तरदायित्व हो ।

सहकारी ऐन २०४८ तथा सहकारी मापदण्ड २०६८ र नेपाल लेखापरिक्षणमानको आधारमा लेखा परिक्षण सम्पन्न गर्नु पर्दछ । यी लेखापरीक्षणमानहरु वमोजिम वित्तिय विवरणहरु गलत आंकडा रहित छ भनि विश्वास्त हुन लेखापरिक्षकले नैतिक मुल्य मान्यताका पालना गर्नु पर्दछ र सो बमोजिम लेखापरिक्षण योजना तयार गरि लेखापरिक्षण गर्नु पर्दछ । वित्तिय विवरणमा उल्लेखित रकम र खुलाईएका अन्य विवरणलाई पुष्ट्याई गर्ने प्रमाणको

नमुना ( छड्के ) परीक्षण समेत लेखापरिक्षणमा समावेश हुन्छ। (निकाय) ले आवलम्वन गरेको लेखा नीति व्यवस्थापनले गरेका महत्वपुर्ण अनुमान एवं वित्तीय विवरण प्रस्तुतीको समग्र स्थितिको मुल्यांकन पनि लेखापरिक्षणमा समावेश हुन्छ ।

लेखापरीक्षणले हाम्रो रायलाई पर्याप्त आधार प्रदान गर्ने लेखा टिप्पणी बाहेक कुरामा हामी विश्वस्त छौ ।

१. उपरोक्त आधारमा लेखा परीक्षण गरी निम्नानुसारको प्रतिबेदन पेश गरेको छौं ।

(क) लेखा परीक्षण सम्पन्न गर्न हामीले आवश्यक ठानेको सूचना र स्पष्टीकरणहरु उपलब्ध भएका छन् ।

(ख) यस प्रतिबेदनसँग सम्बन्धित वासलात र आय बिबरण हिसाब तथा नगद प्रबाह विवरण, आर्थिक बिवरणको अनुसुची १९ (६ र ११) र अनुसुची २० (१ देखि ३ र ६) मा उल्लेख भए बाहेक नेपाल लेखामान, सहकारी बिभागबाट जारी भएका निर्देशन एवं प्रचलित कानूनलाई पालन गरी तयार भएका छन् र संस्थाले राखेको लेखासँग टिप्पणी गरेको बाहेक दुरुस्त रहेका छन् ।

२. हामीलाई प्राप्त जानकारी अनुसार, स्पष्टीकरण र हामीले परीक्षण गरेको श्रेस्ताहरुबाट संस्थाको संचालक समिति वा कुनै संचालक वा संस्थाको कुनै कर्मचारीले लेखा सम्बन्धी कुनै ऐन कानून विरुद्ध काम गरेको वा संस्थालाई कुनै हानी नोक्सानी वा बेहिसाव गरेको, संस्था तथा निक्षेपकर्ताको हक वा सुरक्षा विपरीत हुने काम गरेको हाम्रो जानकारीमा आएको पाएनौ, र

## राय

बुदाँ नं. १ मा व्याख्या गरिएको बिषयवस्तुको असरका कारण समायोजन हुन सक्ने तथा टिप्पणी गरेको वाहेक हाम्रो रायमा, संलग्न वित्तिय विवरणले सारभुतरुपमा २०७२ अषाढ मसान्तको वित्तिय स्थिति, सो मितिमा समाप्त भएको आर्थिक वर्षको वित्तिय कार्य सम्पादन र नगद प्रवाहको लेखामान तथा सहकारी ऐन २०४८ वमोजिम सहि र यथार्थ चित्रण गर्दछ ।

आर. ए. सि. बी गुरुङ्ग
(निमित्त चन्द्र एण्ड कम्पनी)
काठमाण्डौ, ठमेल

मिती: २०७२/०६/ ०७
स्थान: काठमाडौं

# देवदर्शन बचत तथा ऋण सहकारी संस्था लि.

**थानकोट, काठमाण्डौ**

**२०७१ श्रावण १ देखि ०७२ असार ३१ गते सम्मको**

## वासलात

| विवरण | अनूसुचि | यस वर्षको रु. | गत वर्षको रु. |
|---|---|---|---|
| **पूंजी तथा दायित्व** | | | |
| शेयर पूँजी | ०१ | १५,४८४,८००.०० | १४,०२४,१००.०० |
| जगेडा तथा अन्य कोष | ०२ | ६,११०,१३०.४२ | ५,३२१,९६९.९७ |
